# पहाड छ झलल ख्रीस्मसको मौसममा

- Adrian Dewan

पहाड छ झलल ख्रीस्मसको मौसममा
सबै मिली यसैले गाउ न मसँग,
समय हो उत्सवको मनन गरन परमेश्वरको प्रेमलाई

सँधैलाई बिलाउनेछ आँसुको भविष्य,
सँधैलाई मेटिने छ अन्धकारको राज्य
आगमन भो राजाहरूका राजाको निको पार्न पृथ्वीलाई

धुप्पिघारी, चियाबारी, वारी९पारी झरना झोडाले गाउँदैछ
९शान्ती सबैलाई शालोमको राज्य आउँदैछ० २

(Happy Christmas Happy Christmas
Happy Christmas सबैलाई) ४

वर्षदिन नि बितेछ लै लै हेर्दा हेर्दै
चारै ऋतु कटेछ लै लै झेल्दै जीउँदै
आउ बसौं आगनीमा,
आगो ताप्दै चिसेनीमा
दुख सुखहरु बाँटौ है

रिस राग त्यागौ है सम्झी ईश्वरको प्रेमलाई
घमण्ड सेखि फालौ है हेरि डुडैमा प्रभुलाई
सँगै मिली भोज गरौन
ख्रीष्टको प्रेमले मन भरौन

# ख्रीष्टमसमा नयाँ बनौ है

दार्जीलिङको सानो त्यो छुक छुक गर्ने रेल

सम्झिदैछु बसेर आफु जावलाखेल

आनन्दको लहर छ मनैमा गाउँछन् मुनाल सिक्किमको वनैमा

जोडिएका रहेछौ है मुक्तिको धुनले

परमेश्वरको एकलौते पुत्रको खुनले

सबैतिर उचालौ आवाज स्तुतिमा आजको यो दिनैमा

सल्लाघारी, गहुँबारी, वारिपारि

जङ्गल हिमालले गाउँदैछ

(शान्ती सबैलाई शालोमको राज्य आउँदैछ) २

(Happy Christmas Happy Christmas

Happy Christmas सबैलाई) ४